# विप्रेषण,* लैंगिक सशक्तीकरण र कृषि विकास

धनेज थापा[1], कबिन महर्जन[2] र जानुका थापा[3]

## १. पृष्ठभूमि

विभिन्न अध्ययन तथा विकासका कार्यक्रमको व्यापकतासँगै लैंगिकताको अवधारणा बुझ्न धेरै सजिलो भएको छ। लैंगिकतालाई सामाजिक र सांस्कृतिक पृष्ठभूमिको उपजको रूपमा लिन सकिन्छ । लैंगिकतालाई सरल रूपमा व्याख्या गर्नुपर्दा, यसले महिला र पुरुषको सामाजिक मनोवैज्ञानिक र आचरणिक (behavior) विशेषतालाई जनाउने गर्छ। Obbo (1990) र Jong, W. de. (2000) का अनुसार श्रमको वर्गीकरण र सामाजिक भूमिका, लैंगिक सम्बन्धलाई बुझ्ने प्रमुख सूचकको रूपमा लिन सकिन्छ। Niraula B.B. and Morgan P (2000) ले लैंगिकतालाई अझ प्रकाश पार्दै श्रमको विभाजन नै लैंगिक असमानताको मेरुदण्ड हो भनेर पुष्टि गरेका छन्।

तर विगतको कृषिको सन्दर्भमा हेर्नुपर्दा शारीरिक शक्ति बढी प्रयोग हुने काम जस्तै खेत जोत्ने, ड्याङ पार्ने, अन्नबाली झार्ने काम पुरुषको हकमा जान्छ भने महिलाको लागि शक्ति कम प्रयोग हुने कामहरु जस्तै गोडमेल गर्ने, झारपात उखेल्ने, घाँस, सोतर ल्याउने पर्दछन्। परम्परागत रूपमा नै घाँसपात गर्ने, गोठ सफा गर्ने, गाईबाखालाई खोले/पराल खुवाउने, आदिजस्ता कामको जिम्मा महिलालाई सुम्पिएको पाइन्छ भने अन्य काम जस्तै बीउ छर्ने, झारपात उखेल्ने काम र बाली कटाइको काम महिला र पुरुष दुवैले गरेको पाइन्छ। महिलाको श्रम शक्तिलाई आवश्यकता अनुसार जहाँ पनि र जस्तो काममा पनि प्रयोग गर्न सकिने हुनाले उनीहरुलाई लचिलो श्रमशक्तिको रूपमा लिइन्छ (Gartaula *et al.* 2010)।

अहिलेको सन्दर्भमा हेर्नुपर्दा नेपाल श्रम निर्यात गर्ने देशको रूपमा चिनिन्छ। सन् २००१ को तुलनामा सन् २०११ मा विदेश पलायन हुने जनसंख्या दोब्बरभन्दा बढीले वृद्धि भएको छ। राष्ट्रिय गार्हस्थ्य उत्पादनको २५% योगदान विप्रेषित रकम (रेमिट्यान्स) बाट भएको देखिन्छ। धेरै अध्ययनले नेपालको जनशक्ति विदेश पलायनलाई, कृषि कर्म नारीकरणको मुख्य कारणको रूपमा दर्साएका छन्। नेपालजस्तो कृषिमा निर्भर हुने देशमा, उत्पादक उमेर समूहका पुरुषवर्ग अधिक मात्रामा विदेश पलायन हुँदा, जीविकोपार्जनका लागि महिलाको श्रमशक्ति व्यापक रूपमा प्रयोग हुनु स्वाभाविक नै हो। पुरुषको अनुपस्थितिमा महिलाले पुरुषले गर्नुपर्ने कर्तव्य र जिम्मेवारी पनि वहन गरेकोले, कृषिमा लैंगिक भूमिका कस्तो छ भनेर बुझ्न सकिन्छ ।

पुरुषको विदेश पलायनले कृषिको लैंगिक भूमिकामा आयको परिवर्तनका सन्दर्भमा धेरै अध्ययन भइसकेका छन्। यद्यपि विप्रेषित रकमको कृषि सबलीकरण तथा विकासमा के/कस्तो प्रभाव परेको छ भन्ने अध्ययन खासै भएका छैनन्। यदि विप्रेषित रकमलाई कृषिमा प्रयोग गर्न सके, समग्र कृषि प्रणाली र किसानको जीविकोपार्जनलाई नै रूपान्तरण गर्ने भएकोले यसमा थप अध्ययन र विश्लेषण गर्नुपर्ने देखिन्छ।

विदेशको रोजगारीबाट फिर्ता हुने कामदारलाई सकारात्मक विकास प्रक्रियाका संवाहकका रूपमा हेरिन्छ। तिनीहरुले सिकेको सिप र ज्ञानले समग्र विकासमा टेवा दिन सक्छ भन्ने कुरा विभिन्न अध्ययनले पुष्टि गरेका छन्। विदेश बसेर स्वदेश फर्केका पुरुष नयाँ वातावरण, फरक संस्कृति र फरक मानवीय अन्तरक्रियामा भिजेका हुनाले, उनीहरुका परिवर्तित व्यवहारले नेपाली समाजमा परिवर्तनको नयाँ आयाम ल्याउन सक्ने सम्भावना देखिन्छ।

---

* बैदेशिक रोजगारबाट प्राप्त आय (Remittenace)।

१ लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानमा वशिष्ठ अनुसन्धानकर्ताका रुपमा कार्यरत हुनुहुन्छ। सम्पर्कः dhanejthapa@hotmail.com
२ लेखक युनाइटेड मिसन टु नेपाल अनुसन्धान तथा अध्ययन सल्लाहकारका रुपमा कार्यरत हुनुहुन्छ।
३ लेखक कारिटास नेपालमा अनुगमन तथा मुल्याङ्कन अधिकृतका रुपमा कार्यरत हुनुहुन्छ।

नेपालमा पनि ती वैदेशिक रोजगारीबाट आएको विप्रेषित रकम र फर्केका व्यक्तिले कमाएको सीपले कृषिको विकास तथा रूपान्तरणमा कस्तो भूमिका खेलेको छ भन्ने विषयमा सूक्ष्म तहको अध्ययन गरिएको थियो । अध्ययन प्रतिवेदनको केही आधारभूत अंशलाई यस लेखमा छलफल गरिएको छ ।

## २. अध्ययन विधि

यो अध्ययन सुनसरी जिल्लाको मधेली गाउँ विकास समितिमा गरिएको थियो । सुनसरी जिल्लालाई कृषिमा तीव्र उत्पादन गर्ने मध्ये एक जिल्ला मानिन्छ। छानिएको गाविसमा परम्परागत रूपमा मधेसी र थारूको बस्ती छ । (CBS 2011) को अनुसार वैदेशिक रोजगारीमा कामदार पठाउने जिल्लामध्ये सुनसरी पनि एक हो । त्यसैगरी, स्वदेश फर्केका मानिसको संख्या पनि बढी भएका कारणले अध्ययनका लागि पनि यही जिल्ला छनोट गरिएको थियो ।

यो अध्ययन मुख्य तीन विषय – पुरुषको बसाइसराइ (देशान्तरगमन), लैंगिकता र कृषि– मा केन्द्रित छ । विदेश पलायन र यसबाट परेको कृषि लैंगिक भूमिकाको असरमा प्रकाश पार्न, यो अध्ययनले माथि उल्लेखित तीन विषयबीच मूलभूत सम्बन्ध स्थापित गरेको छ। यसका साथसाथै विदेश पलायन भएका पुरुष केही वर्षपछि आफ्नो देश फर्किने भएकाले यसले देशान्तरगमनलाई पनि अस्थायी प्रक्रिया मानेको छ ।

कृषिको लैंगिक भूमिकामा आएको परिवर्तन पनि अस्थायी नै हो। यहाँ पुरुषको स्वदेश फिर्तासँगै, महिलाले पाएको भूमिका, उसको स्रोतमाथिको पहुँच, निर्णय गर्ने अधिकारमा परिवर्तन आउँछ भन्ने विषयलाई अध्ययन गर्न खोजिएको छ । त्यस्तै अध्ययनको अर्को पाटोले विप्रेषित रकम तथा पुरुषको स्वदेश फिर्ताले ल्याएको सीपले कृषि विकासमा कस्तो टेवा पुऱ्याएको छ भन्ने विषयमा छलफल गरेको छ। अध्ययनमा तीन तरिकाका उत्तरदातासँग विषयवस्तुमा विस्तृत अन्तवार्ता लिइएको थियो । स्वदेश फर्केका पुरुषसँग हालको दिनमा उसको कृषिप्रतिको चासो कृषि कार्यमा उसको भूमिका र सहयोगबारे प्रश्न केन्द्रित थियो । त्यस्तै स्वदेश फर्केका उत्तरदाताकी श्रीमतीसँग, श्रीमान्को अनुपस्थितिमा र उपस्थितिमा कृषि कार्यमा भोगेका अप्ठेरा, चुनौती र अवसरको विषयमा छलफल गरिएको थियो । त्यस्तै, केही कृषि अगुवासँग समग्र कृषिमा आइरहेको परिवर्तनको विषयमा पनि प्रश्न राखिएको थियो । अन्तवार्ताकै क्रममा सबैसँग कृषिमा विप्रेषित रकमको कसरी उपयोग गरिएको छ भन्ने विषयमा पनि विस्तृत छलफल गरिएको थियो ।

## ३. अध्ययनको परिणाम

### क. कृषिमा लैंगिक भूमिका र निर्णयको अवस्था (पुरुष विदेश जानुअघि र पछि )

अध्ययनअनुसार हाल पुरुष पलायन हुने दर पछिल्लो १० वर्षको तुलनामा ५०% ले वृद्धि भएको छ । यसअघि १० घरपरिवारमा एक सदस्य विदेशमा बसोबास गर्थे भने अहिले एक दशकपछि हरेक चार घरपरिवारमध्ये एक सदस्य विदेशमा बसोबास गरेको पाइन्छ। धेरै जसो मानिसहरु रोजगारीपाउन्जेल २-४ वर्षसम्म विदेश बसेका छन् । राम्रो अवसर पाएका कोही व्यक्ति अन्य देशमा जानको लागि पनि रुचाउने गरेका छन् । अध्ययनपछि के पाइएको छ भने विदेश पलायन हुनुअघि उनीहरु कृषि पेशामा केही रुची राख्दथे । विदेश पलायन हुनुअघि प्रायजसो मानिसको (बुबा, पति र छोरा) भूमिका कृषिका प्रमुख गतिविधिमा हुन्थ्यो भने महिलाको संलग्नता कृषिका सहायक कार्यमा सहयोग गर्ने हुन्थ्यो । घरको मूली भए या नभए पनि उनीहरुको सहयोग कृषिमा एकदमै सहयोगी मानिन्थ्यो ।

एक महिला जसका श्रीमान् विदेशमा छन् । उनको भनाइअनुसार जमिन तयार पार्ने बिउबिरुवा रोप्ने अन्नबाली झार्ने भण्डारण गर्ने गाईबस्तुलाई घाँसपात गर्नेजस्ता इत्यादि काम पुरुषले नै गर्दथे। अझै भन्नुपर्दा बाली र बिउ बजारमा किनबेच गर्ने कामको जिम्मेवारी पनि उनीहरुकै हुन्थ्यो ।

वैदेशिक रोजगारीबाट भर्खरै फर्केका युवककी श्रीमतीसँग कुरा गर्दा, उनको भनाइ निम्नअनुसार रहेको छ-

"घरमा काम गर्ने जनशक्तिको अभाव हुँदा मैले अरु खेताला र ट्याक्टरको सहायताले कृषिका धेरै काम जस्तै बिउ रोप्ने, बिउ राख्ने, अन्नबाली काट्ने र भित्र्

याउनेजस्ता काम गर्ने गरेको छु । घरमा रहेको बचत तथा श्रीमान्ले पठाएको पैसा पनि कृषि प्रयोजनका लागि बढी नै हुने गर्छ ।”

यद्यपि ज्याला, मल बिउ, ट्र्याक्टर खर्च अनुरूप उल्लेख्य आम्दानी लिन नसकेको कुरा स्वीकारछिन् । धेरैजसो वैदेशिक रोजगारमा रहेका पुरुष सातामा एक वा दुईचोटि फोन सम्पर्क गर्दा स्वास्थ्य, घरखेत र गाईबस्तुबारे तथा विदेशबाट पठाएको पैसा के/कसरी खर्च भएको छ भने विषयमा कुराकानी गर्छन् । कृषिको विषयमा कुरा गरेता पनि पुरुषले आफ्नो कुनै निश्चित निर्णय नदिने प्रक्रिया रहेको पाइन्छ । यद्यपि हालका दिनमा पुरुषको अनुपस्थितिमा कृषि कार्यमा महिलाको सहभागिता बढे पनि, कृषिका ठूला औजार किन्ने काम, गहन विषय जस्तै जग्गा किन्ने, जग्गा कमाउन दिने, यन्त्र इत्यादि, अन्न बेचबिखन गर्ने काम र आयको प्रयोग कहाँ तथा कसरी गर्ने इत्यादि कुरामा पुरुषकै नियन्त्रण देखिन्छ ।

सामान्यतः घरका अन्य पुरुषले नै अन्नबालीको किनबेच गर्ने र आयलाई के गर्ने भनेर निर्णय लिने गरेको पाइन्छ । यद्यपि आयसँग सम्बन्धित बाहेक अरु निर्णयमा महिलाको सक्रियता बढी देखियो । जस्तै दैनिक रुपमा प्रयोग हुने घरायसी सामानको खरिद विक्रि आदि । तर पशुजन्य किनबेचमा भने दुवै महिला र पुरुषको सक्रिय देखियो ।

वैदेशिक रोजगारीबाट फर्केका एक युवक यसो भन्छन्-

“खेतबारीमा के बाली लगाउने, कामदार लगाउने इत्यादि कामहरुमा मेरो बुबाले निर्णय लिनुहुन्छ र त्यही निर्णयअनुसार मेरी श्रीमतीले काम गर्छिन् । यद्यपि निर्णय बुवाले लिए पनि मेरी श्रीमती नै बिउबीजन किन्न बजार जान्छिन् र घर चलाउन चाहिएअनुसार पैसा चलाउँछिन् । ससुरालाई भने यसरी कुरा हुँदा घरमा कामको बाँडफाँड भएको पनि महशुस हुन्थ्यो ।

वैदेशिक रोजगारीबाट फर्केका अर्का युवक भन्छन्-

‘विदेश हुँदा मसँग सानो ट्र्याक्टर किन्ने सल्लाह भएको थियो । मैले पैसा पनि पठाएको थिएँ । तर एक महिनापछि कुरा हुँदा ट्र्याक्टर किन्न पठाएको पैसा कामदारलाई, बालबालिका तथा अन्य प्रयोजनमा खर्च भएको र केही पैसा बचत गरेको कुरा थाहा भयो ।’ उनले आफ्नी श्रीमतीलाई सोध्दा यस्तो जवाफ दिइन्- “खै किन हो एक्कासि बुबाले नकिन्ने भन्नुभयो” उनलाई पैसाको मामिलामा ससुरासँग कुरा गर्न डर लाग्ने पनि बताइन् ।

सामान्यतया विदेश पलायन भएका पुरुषले आफ्नो घरमा पठाएको विप्रेषित रकम घरमूली ससुराले लिने प्रचलन बढी रहेछ । ससुराको अनुपस्थितिमा बुहारीले पनि विप्रेषित रकम बुझ्ने चलन रहेछ । सासूहरु कम शिक्षित अथवा केही अशिक्षित नै हुनाले रकम हातमा बुझ्ने काम सासूहरुले गरेको पाइँदैन ।

घरमूली बुवा हुँदा घरको प्रमुख निर्णय धेरैजसो उनले नै गरेको देखियो । आर्थिक निर्णयचाहिँ विदेशमा रहेको छोरासँगको छलफलपछि मात्र हुने देखिन्छ । तसर्थ आर्थिक निर्णय गर्ने अधिकार घरमूली र पुरुषको हातमा नै हुन्छ । प्रायः महिलाले चाडपर्वको बेलामा ससुरासँग छलफल गरेर किनमेल गर्छन् ।

प्रायजसो महिलाहरुले कृषिलाई प्राथमिक पेशाको रूपमा लिएको देखिन्न । धेरैजसोले गाईबस्तु पाल्ने काम छोडेका छन् । कति महिलाले त कृषिलाई सहायक पेशा को रूपमा लिँदा, बचत तथा ऋण सहकारी, चिया पसलमा आबद्ध भएका छन् ।

## ख. स्वदेश फर्केपछि पुरुषको भूमिकामा आएको परिवर्तन र महिलामा प्रभाव

विदेशबाट फर्किएपछि कृषिको भूमिकामा कस्तो परिवर्तन आयो भन्ने कुरा प्रत्येक घर/घरमा फरक हुन्छ । स्वदेश फर्केपछि धेरैजसो पुरुषले खेतबारीमा बिरलै काम गर्न मन गरेको देखिन्छ । यसका साथसाथै कृषिसम्बन्धी निर्णय लिनुपर्ने काममा पनि धेरै चासो राखेको देखिन्न । स्वदेश फर्केका एकजना पुरुष, उद्योग कारखानामा काम गर्न थालेका थिए । उनीजस्तै अन्य साथीको पनि प्रायः अन्य पेशामा रुची रहेको जानकारी दिए । उनकी श्रीमतीले खेतबारीको सम्पूर्ण कामको जिम्मेवारी लिएकी छिन् । श्रीमान्‌को कम मात्र सर्मथन पाएपछि महिलाले पनि पहिलेको धेरै बाली लगाउन

छोडिसके। आफ्ना धेरै कार्यको अतिरिक्त आय व्यापार घरेलु काम र खेत पनि चलाउनुपर्ने भएकाले तिनीहरुले आफ्नो जग्गा अरुलाई भाडामा पनि दिएको पाइयो। आफ्नो लागि कम जग्गामा मात्र खेती गर्दै आएका छन्।

यस अध्ययनको क्रममा दुई प्रकारका परिवार देखिए। एक परिवार जसमा बुहारीहरु सक्रिय छन् र केही हदसम्म आत्मनिर्भर भई काम पनि गरेका छन्। यस्ता काम गर्ने बुहारीलाई परिवारले पनि विश्वास गर्ने र घरायसी तथा कृषिका कुरामा पनि निर्णय गर्न दिने गरेका छन्। त्यस्ता परिवारमा चाहिँ सकारात्मक परिवर्तन देखिएको छ र घरको महत्वपूर्ण कुराको निर्णयमा पनि सहभागिता देखिन्छ।

अर्को परिवार जसका बुहारी परिवारमा आश्रित छन्, तिनीहरुसँग अझै पनि निर्णय लिने अधिकार छैन र निर्णय कार्यान्वयन गर्ने पात्रको रूपमा मात्र उपस्थित छन्।

यद्यपि उनीहरुमा आएको परिवर्तन र निर्णय गर्ने अधिकार प्राप्तिलाई कृषि पेशाको सबलीकरणमा खासै प्रयोग गरेको पाइँदैन। बरु, सहायक पेशाको रूपमा लिएको देखिन्छ।

विदेश जानुभन्दा पहिलाको भूमिका र स्वदेश फर्केपछिको भूमिकामा धेरै परिवर्तन देखिएको छ। विदेश पलायन हुनुभन्दा पहिला पुरुषले मात्र निर्णय गर्थे भने अहिले महिलाले पनि निर्णय लिने गरेका छन्। यसको मुख्य एउटा कारण स्वदेश फर्केपछिकृषिप्रति पुरुषको इच्छा कम हुनु हो। स्वदेश फर्केपछि पुरुषले कृषि पेशाबाहेकको अरु कार्यमा रुची देखाएको पाइन्छ। महिला सक्रियता, सहभागिता र निर्णय गर्न सक्ने क्षमता नै महिलाकेन्द्रित कृषिको मुख्य पाटो हुन्।

बढ्दो युवा पलायन कृषिमा पुरुषको विकर्षणको कारणले नेपालको कृषि क्षेत्रमा महिलाको सक्रियता कृषि कार्य र पहुँचमा सकारात्मक देखिन्छ। यद्यपि बढ्दो वित्त व्यवस्थापन र नियन्त्रण, कृषिको व्यवसायीकरणजस्ता चुनौतीपूर्ण कार्यमा खासै प्रयोग भएको देखिन्न।

वैदेशिक रोजगारीबाट फर्केका एक युवक भन्छन्- 'म फर्के पनि कृषिको साधारण काम र निर्णय मेरी आमा र श्रीमतीले नै गर्ने गर्छन्।" उनी भने सहरमा जागिर खोज्नमा तल्लीन छन्।

साधारणत विप्रेषित रकम जग्गा, पसल, बालबालिकाको पढाइ, घर निर्माण, स्वास्थ्य उपचार तथा दैनिक उपभोग्य सामान किन्नमा प्रयोग गरेको देखिन्छ। अन्य अध्ययन (Adhikari 2011) अनुसार पनि जग्गा किन्न र घर बनाउन प्रयोग गरेको देखिन्छ।

## ४. निष्कर्ष

यो अध्ययनले पुरुष पलायनको कारणले महिलाको आर्थिक र कृषिसम्बन्धी निर्णयको पहुँच र नियन्त्रणमा सकारात्मक परिवर्तन ल्याएको देखिन्छ। त्यसैगरी किनबेच र लगानी गर्ने महिलाको क्षमतामा पनि केही मात्रामा सकारात्मक परिवर्तन देखिएको छ। यी परिवर्तन सकारात्मक भए पनि, यसले महिलाको कार्यभारमा ल्याएको परिवर्तनबारे स्पष्ट छैन। त्यसै गरी यी कुरा कृषि उत्पादन र कृषिविकासको लागि सकारात्मक छ कि छैन भन्ने प्रश्नसमेत उत्पन्न गरेको छ। यी प्रश्नहरुको उत्तर खोज्न गाह्रो भएता पनि उपलब्ध प्रमाण जस्तै, महिलाले खुद्रा पसल चलाएको, स्वदेश फर्केका व्यक्तिले कृषि पेशा छोडेको जग्गा अधिँयामा दिने प्रवृत्ति बढेको, घरमा वृद्धजनमात्र भएको र कृषिकार्यमा महिलाको सहभागिता नै बढी देखिएकाले माथि उल्लेखित परिवर्तन लैंगिक समानताको आधारमा भने सकारात्मक देखिएको छ।

केही आधारभूत कुरा जस्तै श्रीमान् विदेशमा रहँदा पनि कृषि पेशाको निरन्तरता, बाह्य जनशक्तिको कृषि कार्यमा प्रयोग, सामान्य कृषि कर्ममा महिलाको निर्णयअधिकारजस्ता विषय सकारात्मक पाटोको रूपमा देखिए पनि कृषिको समग्र विकासलाई हेर्ने हो भने खासै उत्साहजनक अवस्था भने छैन।

विशेषतः कृषि कार्यमा विप्रेषित रकमको प्रयोगले नयाँ आयाम थप्न सकेको छैन। यस्तो रकमले ज्याला र बिउमा बढेको खर्च धानेको मात्रै देखिन्छ। विप्रेषित

रकमको रकम जग्गा किन्दा प्रयोग भए पनि, अधिँयामा दिने चलन बढ्दो छ । अझ महिलाको अन्य पेशाप्रतिको झुकाव, स्वदेश फर्केका युवाको कृषिप्रतिको विकर्षण तथा विषयलाई हेर्दा, विप्रेषित रकमले र कृषिको विकासमा खासै टेवा पुऱ्याएको देखिँदैन ।

समग्रमा भन्नुपर्दा हाल महिलाको भूमिकामा देखिएको परिवर्तन, उनीहरुको निर्णयक्षमता, कृषि कार्य तथा आयमाथि पहुँच र नियन्त्रणलाई अझ सशक्त र स्थायी बनाउन कृषि पेशालाई आय आर्जनको उत्तम विकल्पको रूपमा विकासका लागि विप्रेषित रकमलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

## ५. सन्दर्भ सामग्री


**Adhikari. J.** 2011. Migration and Remittance Economy In Eds, Anita Ghimire, Ashok Rajbanshi, Bishnu Raj Upreti, Ganesh Gurung, JagannathAdhikari, Susan Thieme. Nepal Migration Year Book 2010. Kathmandu, Neoal. NIDS and NCCR North-South

**CBS.** 2011. Nepal living standards survey 2010/11. Kathmandu, Central Bureau of statistics.

**Gartaula H.N., Niehof A. and Visser L.** (2010). Feminisation of Agriculture as an Effect of Male out Migration: Unexpected Outcomes from Jhapa District, Eastern Nepal. *The International Journal of Interdisciplinary Social Sciences*, **5**(2): 565-577.

**Jong, W. de.** 2000. Women's networks in cloth production and exchange in flores. In: *women and household in Indonesia. Cultural notions and social practices*, ed. Juliette Koning,

**Niraula, B.B. and Morgan, P.** 2000. Gender inequality in two Nepali settings. In: *Women, poverty and demographic change*, ed. Brigida Garcia. Oxford. p 42-72

**Obbo, C.** 1990. East African women, work and the articulation of dominance. In: *Persistent inequalities. Women and world development*, ed. Irene Tinker. New York, oxford. p 210-222